आज मिति २०८२।०५।२२ गते आइतबारको दिन बिहान ८ बजे यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखरेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८२।०५।२२ गते, बैठक संख्या:३ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. ३.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ३.२ मर्मत सम्भार सम्बन्धमा,

प्रस्ताव नं. ३.३ नदीजन्य पदार्थको IEE सम्बन्धमा,

प्रस्ताव नं. ३.४ विविध ।

**मिति: २०८२।०५।२२ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक संख्या: ३ का निर्णयहरु**

**प्रस्ताव नं. ३.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ३.१** बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको दोस्रो बैठक मिति:२०८२।०४।१८ मा बसेको र उक्त बैठकको निर्णयबाट यस कार्यालयमा रिक्त रहेका कर्मचारीहरुको पदपूर्तीको लागि प्रदेश लोकसेवा आयोगमा माग आकृति फारम भरी पठाउने निर्णय भएकोमा रिक्त दरबन्दीमा पदपूर्ती हुने गरी लोकसेवा आयोगमा पठाई सकिएको, घरनक्सा अभिलेखिकरण कार्यको सरलीकरणको लागि नगर प्रवक्ता श्री बिष्णुप्रसाद पौडेलको संयोजकत्वमा रुपन्देही जिल्लाका सैनामैना, बुटवल र तिलोत्तमा नगरपालिकामा अध्ययनको लागि पठाईएकोमा उक्त समितिले अध्ययन गरी आफ्नो प्रतिवेदन पेश गरीसकेको लगाएतका निर्णयहरु कार्यान्वयन भएको अभिलेखिकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.२ मर्मत सम्भार सम्बन्धमा,**

**निर्णय नं. ३.२** प्रस्तुत विषयमा हिन्दुहरुको महान पर्व विजया दशमी र दिपावली नजिकिँदै गरेको र नागरिकहरुलाई आवतजावतमा सहजता ल्याउन र वर्षादका कारण भत्किएका र खाल्डा खुल्डीका कारण कुनैपनि सडक दुर्घटना नहोउन भन्ने उद्देश्यका साथ मर्मत गर्नुपर्ने अत्यावश्यक ठाउँहरुमा मर्मत सम्भारको लागि विनियोजित बजेट रु.१७ लाखबाट हाल रु.१४ लाख निम्नानुसार वडागत बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| वडा नं. | क्षेत्रफल भार | | जनसंख्या भार | | भौगोलिक विकटता भार | | आन्तरीक आय भार | | कूल प्राप्तांक | कूल बजेट शुत्रानुसार | न्यूनतम बजेट बाँडफाँड | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २० | | ६० | | १० | | १० | | | | | |
| | मापन अंक (वर्ग कि.मी.) | प्राप्तांक | मापन अंक (जनसंख्या) | प्राप्तांक | मापन अंक (विकटता) | प्राप्तांक | मापन अंक (राजस्व) | प्राप्तांक | | | | |
| १ | ५.७७ | ०.४९ | ८५४४ | ५.३० | १ | ०.५६ | २९५९६८१ | ०.९५ | ७.३ | १०२१५९ | ० | १०२१५९ |
| २ | ३०.११ | २.५९ | १०३७० | ६.४३ | १ | ०.५६ | ३५५९६२७ | १.१४ | १०.७२ | १५००१८ | ० | १५००१८ |
| ३ | १०.१७ | ०.८७ | ६७८१ | ४.२१ | २ | १.११ | २२५६७९९ | ०.७२ | ६.९१ | ९६७६० | ० | ९६७६० |
| ४ | १०.४३ | ०.८९ | १०४२२ | ६.४७ | १ | ०.५६ | ३८१३२१२ | १.२२ | ९.१३ | १२७८८४ | ० | १२७८८४ |
| ५ | १०.३ | ०.८८ | ६५९३ | ४.०९ | २ | १.११ | २०८१९९६ | ०.६७ | ६.७५ | ९४५०१ | ० | ९४५०१ |
| ६ | ८.२१ | ०.७० | ५६०८ | ३.४८ | २ | १.११ | १८३२४७३ | ०.५९ | ५.८८ | ८२३२० | ० | ८२३२० |
| ७ | ७.०३ | ०.६० | ७७८० | ४.८३ | १ | ०.५६ | २८५६१४४ | ०.९१ | ६.९ | ९६५७२ | ० | ९६५७२ |
| ८ | ३४.९१ | २.९९ | १३२४३ | ८.२२ | १ | ०.५६ | ४५३४३१९ | १.४५ | १३.२१ | १८५००० | ० | १८५००० |
| ९ | ६१.१३ | ५.२४ | ६७६२ | ४.२० | २ | १.११ | २२००६१३ | ०.७० | ११.२५ | १५७५१८ | ० | १५७५१८ |
| १० | ३६.४३ | ३.१२ | १००२४ | ६.२२ | ३ | १.६७ | १८७०२६९ | ०.५९ | ११.५९ | १६२३१९ | ० | १६२३१९ |
| ११ | १८.६८ | १.६० | १०५८७ | ६.५७ | २ | १.११ | ३३५५०३२ | १.०७ | १०.३५ | १४४९४८ | ० | १४४९४८ |
| | २३३.२५ | २० | ९६७१४. | ६० | १८ | १० | ३११८०१६५ | १० | १०० | १४००००० | ० | १४००००० |

**प्रस्ताव नं. ३.३ नदीजन्य पदार्थको IEE सम्बन्धमा,**

**निर्णय नं. ३.३** विगतमा ठेक्का लगाउँदै आएका कोईलिखोला र बाणगङ्गा खोलाका विभिन्न नाकाहरुबाट उत्खनन हुनसक्ने नदीजन्य पदार्थलाई एकिन गर्न प्रारम्भिक वातावरणीय परिक्षण गर्ने र सो को लागि राजस्व शाखाबाट TOR तयारी गरी आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३.४ विविध।**

**निर्णय नं. ३.४.१** यस नगरपालिकाको १७ औं नगरसभाबाट ५०/५० तथा ७०/३० लागत साझेदारीबाट सञ्चालन गर्न विनियोजन भएको बजेट ब्रेकडाउन गरी कार्यान्वयन गर्न असौज महिनाभित्र कार्यक्रम प्रस्ताव गर्न सबै वडाहरुलाई जानकारी गराउने निर्णय गरियो।

**निर्णय नं. ३.४.२** यस नगरपालिकाबाट स्वीकृत भएका सबै योजना तथा कार्यक्रमहरु २०८२ चैत्र मसान्तभीत्र सम्पन्न गर्ने गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३.४.३** देशभरका स्थानीय तहहरुको कार्यसम्पान मूल्याङ्कनको लागि तयार गरिएको प्रणाली स्थानीय तह संस्थागत स्व मूल्याङ्कन LISA मा उत्कृष्ट अंक ल्याउन प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुराउनुहुने सबै जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवाला सबैमा हार्दिक धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. ३.४.४** आउँदै गरेको हिन्दुहरुको महान पर्व विजया दशमी, दिपावली र छट पर्वको अवशरमा सम्पूर्ण आमावुवा, दाजुभाई, दिदि बहिनिहरुमा शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. ३.४.५** पूर्वाधार शाखाबाट योजना कार्यान्यवनको सम्बन्धमा विवरण पेश भएको जसअन्तर्गत हालसम्म ४६ वटा योजनाका ठेक्का सूचना गरिएको र अन्य योजनाहरुको ठेक्का प्रकृयामा रहेको, मर्मत गर्नुपर्ने सडकहरुको सम्बन्धमा वडागत विवरण तयार गरी पठाउने, पछिल्लो नगरसभाबाट म्याद थप भएका योजनाहरुलाई यथाशिघ्र कार्य सम्पन्न गर्न ताकेता गर्ने र समयमै सम्पन्न हुने व्यवस्था मिलाउने निर्णय गरियो।